Rabi... Sharma
Khanal
Ward No 3.
Simpani

# राष्ट्रिय
# पञ्चायत

.5
S

320.5 Political
RAS ideology PS 100

# राष्ट्रिय पञ्चायत

संसदीय प्रजातन्त्रको नाममा बिग्रंदै गएको परिस्थितिको ख्याल गरिबक्सी २०१७ साल पौष १ गतेको दिन श्री ५ महाराजाधिराजबाट जुन कदम उठाइबक्स्यो, त्यसको ऐतिहासिक महत्व छ। हाम्रो वर्तमान अवस्थामा संसदीय प्रजातान्त्रिक पद्धति चल्न नसक्ने कुरा नेपालमा यसको प्रयोगबाट सिद्ध भएकोले नयां ब्यवस्थाको सिर्जना गर्ने आवश्यकता पऱ्यो। संसदीय प्रणाली अपनाउने मुलुकहरूमा पनि प्रजातान्त्रिक संस्थाहरूको एकनासले विकास हुंदै गएको होइन। यसउसले प्रजातन्त्रको इमारत बन्न पञ्चायतको तहबाट तहै तह गरी, विस्तार र संलग्नताकासाथ बनाउंदै जानु पर्दछ।

मध्यकालीन, सामन्ती–ब्यवस्थाबाट नेपाल अकस्मात् आधुनिक युगमा उत्रेको छ। यो महान् परिवर्तन फलीभूत तुल्याउनको निमित्त पृष्ठभूमिमा पर्याप्त तयारीको आवश्यकता थियो, जसको अभाव हामी सबैले देखेको कुरा छ। यूरोपमा आर्थिक र औद्योगिक क्रान्तिको पछि मात्रै राजनैतिक क्रान्ति आयो। तर एशियामा भने आर्थिक क्रान्तिभन्दा अगाडि राजनैतिक क्रान्ति आएको छ। यो मौलिक भेदबाट उत्पन्न भएको अवस्थालाई हामीले राम्ररी बुझ्नु परेको छ। राजनैतिक क्रान्ति हुनुभन्दा अगाडि

शिक्षा र तालीमी जस्ता आवश्यक साधनहरूको अभावले गर्दा राजनैतिक कार्यकर्ताहरूमा कर्तव्यको भावभन्दा अधिकारको भाव बढ्ता आयो र यसले गर्दा रचनात्मक दृष्टिकोणको अनुशीलन हुन सकेन ।

गरीबी र अविकसितताको विरोधमा सङ्घर्ष गर्दा गरीब र अविकसित मुलुकहरूमा संसदीय प्रणालीको प्रतिद्वन्दीको रूपमा साम्यवाद खडा भएको छ । जीवनको गुजारा गर्न एक मानासम्म नपाउने व्यक्तिहरूको निमित्त साम्यवादको प्रलोभन ठूलो छ ।

यसरी परस्पर विरोधी सिद्धान्तहरूले गर्दा दुइ गुटमा बांडिएर तानातानीमा परेको विश्वमा एउटा सानो मुलुकले संसदीय प्रजातन्त्रको नाममा कमजोर शासनलाई रहन दिन सक्तैन । यस अवस्थामा एउटा बलियो सरकारको आवश्यकता पर्दछ, जुन सरकारद्वारा एक उद्देश्य र एक मनले देशको आर्थिक प्रगति होओस् । विभिन्न दलहरूको विभिन्न उद्देश्य हुन्छ र यसबाट देश कमजोर हुन्छ ।

यसकारण, अहिले हामीहरूले विभिन्न प्रणालीका गुणहरू लिएर देशलाई निर्धारित दिशामा लैजानु परेको छ । मानवीय अधिकार र सामाजिक न्यायको भाव प्रतिविम्बित हुने व्यवस्था नेपालमा बसाल्न सकिन्छ भन्ने हाम्रो विश्वास छ ।

राष्ट्रिय जीवनका सबै अङ्गलाई विकास गर्न समर्थ हुने महान् उद्देश्यले प्रेरित भएको मजबूत सरकारले मात्र राष्ट्रिय लक्ष हासिल गर्न सक्तछ । शक्ति र लोकसम्मतिमा आधारित हाम्रो शासन–पद्धतिलाई

बलियो टेवा दिन पञ्चायत–पद्धतिको जगेर्ना गर्नु परेको छ ।

प्रजाकोलागि प्रजाद्वारा प्रजाको शासन गर्नु नै प्रजातन्त्र हो भन्ने कुरा सबैलाई विदितै छ । ग्राम पञ्चायत नै प्रजातान्त्रिक पद्धतिको जग भएकोले शक्तिको विकेन्द्रीकरणको सिद्धान्तको ख्याल राखी यथासमयमा यी ग्राम पञ्चायतहरूलाई नै हरक्षेत्रमा सक्रिय शक्ति प्रदान गरिने छ । देशको प्रजातान्त्रिक लक्ष प्रतिपादन गर्ने हेतुले तल लेखिए अनुसारको गठन र काम भएको एक व्यापक स्थायी राष्ट्रिय पञ्चायतको आवश्यकता भएको छ ।

२००७ सालको क्रान्तिको राजनैतिक लक्ष प्रजातन्त्र हो । यो क्रान्तिको आर्थिक लक्ष्य शोषणप्रधान सामन्ती ब्यवस्थाको अन्त गर्नु हो । सामन्ती ब्यवस्थाको सट्टामा एक सुसम्पन्न, विकसित आर्थिक ब्यवस्था खडा गर्नु हाम्रो प्रथम कर्तव्य हो ।

पार्टीहरूको माध्यमद्वारा हाम्रो जस्तो सानो र गरीब मुलुकमा अवान्छनीय तत्वहरूको अस्वस्थ प्रभाव बढ्ने कुरा हाम्रो अनुभव भित्रको हुनाले यहां दोहऱ्याई रहनु आवश्यक छैन । संसदीय प्रणालीमा अविकसित देशहरूमा धेरै जसो वयस्क नागरिकहरूको राजनैतिक कर्तव्य बीच बीचमा मतदान केन्द्रमा शामेल हुनुमा सीमित हुन्छ । यस किसिमको सीमित कारवाई राजनैतिक र आर्थिक दृष्टिले ठूलो कदम चाल्न बाध्य भएको नेपालका लागि अहिलेलाई अपर्याप्त छ भन्ने कुरा स्पष्ट छ

नेपालीहरूको लागि आफ्नै अनुभव आफ्नो विवेकको आधार भई आएको छ। देशको सार्वभौमिकता अनवच्छिन्न राख्नाको लागि र पूर्णतर जीवनको लागि सङ्घर्ष गर्दा राष्ट्रिय एकता कायम गर्न सक्ने एक आफ्नै राजनैतिक संगठनमा हामी बिश्वास गर्दछौं।

नेपालीहरूले अगाडि बढ्नु परेको छ, न कि पछाडि। अघि बढ्न नदिने जुनसुकै पनि तत्वहरूसंग हामीले मुकाबिला गर्नु परेको छ। २००७ सालको क्रान्ति पछि उत्पन्न भएका जनताका आशा र आकांक्षाहरूलाई फलीभूत तुल्याउनु परेको छ। समयको यही मांग छ।

नेपालको इतिहासमा संकटकालीन बेलामा वा प्रगतिको ठूलो पाइला चाल्न लागेको बेलामा राष्ट्रिय एकताको प्रतीक जस्तो एक युगपुरूषको अवतरण भएको छ। थुङको, मानदेव, अंशुवर्मा, जयस्थिति मल्ल, राम शाह, पृथ्वी नारायण शाह, त्रिभुवन वीरविक्रम शाहदेव आदि महापुरूषहरूले नेपाललाई आफ्नो-आफ्नो युगको मांगको अनुकूल अगाडि बढाएका छन्। उपर्युक्त उदाहरणबाट देखिन्छ कि युगको मांग जतिसुकै गाह्रो होओस् नेपालको इतिहासमा युगपुरूषद्वारा त्यो मांगको पूर्ति भएको छ। यसैले गर्दा नेपालको अस्तित्व अक्षुण्ण रहेको छ।

द्वितीय विश्वयुद्धपछि उत्पन्न भएको विश्वको र विशेष गरेर एशियाको परिस्थितिमा हाम्रो नेपाल पनि एक अत्यन्त महत्वपूर्ण समयबाट गुज्रंदैछ। एक युगको अन्त भइसकेको छ, नयां युगले जन्मन सङ्घर्ष

गर्दछ । यो आह्वानको सामना गर्ने तथा यो कठिन कार्य सम्पादन गर्न युगपुरूषको रूपमा हामीले श्री ५ महेन्द्रलाई पाएका छौं । श्री ५ महाराजाधिराज र जनताको बीच कुनै किसिमको ब्यवधान रहन नदिई श्री ५ को व्यक्तित्वमा जनताले युगपुरूषको आभास पाई मौसूफ प्रति अगाध श्रद्धा र विश्वास राख्ने ब्यवस्था गरिएको छ ।

यस किसिमका हरेक अवस्थामा राष्ट्रिय एकता कायम गर्नु नेपालको ऐतिहासिक परम्परा हो, किनभने, राष्ट्रिय एकता नेपालको वास्तविकता हो ।

राष्ट्रिय एकता र जनताको सक्रिय सहयोगको आधारमा हामीले चिताएको नयां युगको इमारत बनाउनु परेकोछ। राष्ट्रिय शक्ति एकत्रित नभै तितर वितर भएमा वा जनताको सक्रिय सहयोग नमिलेमा यो महान् कार्य सम्पन्न हुन सक्तैन ।

यसकारण, दुनियांले स्वीकार गर्ने नेपालको कुनै पनि राजनैतिक संगठनको आधार राष्ट्रिय एकता हो । यो राष्ट्रिय एकता भित्र मात्रै राष्ट्रिय आशा र आकांक्षा-हरूको परिपूर्ति हुन सक्छ । राजा नै राष्ट्रिय एकताको सजीव प्रतीक हो । 'राजा सबैको साजा' भन्ने कहावतै छ । यही दृष्टिमा श्री ५ बाट उठाइबक्सेको राजनैतिक कदमलाई हामी नेपालीले स्वीकार गरेका छौं । गतिशील तथा नियमित ढङ्गले देशको निर्माण तथा बिकास गरी सहि प्रजातन्त्रको स्थापना गर्न सकियोस् भन्ने कन्चन् उद्देश्यले राजाबाट उठाइबक्सेको कदममा सक्रिय सहयोग दिनु हरएक नेपालीको परम कर्तब्य हुन आउंछ।

उपर्युक्त उद्देश्यहरू हासिल गर्न एक राष्ट्र-व्यापी संगठनको रूपमा "राष्ट्रिय पञ्चायत" खडा भएको छ। २१ वर्ष पुगेका प्रत्येक नेपाली नागरिकहरू पञ्चायतका सदस्य हुनेछन्। यस तरीकाले हरएक वयस्क नागरिक उपर्युक्त राष्ट्र-व्यापी संगठनको अङ्ग बन्न आउंछ।

यो संगठन गाउं,जिल्ला अथवा शहरको तहबाट उठेर आउंछ। प्रत्येक नागरिकले ग्राम पञ्चायतको चुनावमा भाग लिनेछ। नेपालका गाउं, जिल्ला र शहरहरूमा ग्राम पञ्चायत,जिल्ला पञ्चायत र नगर पञ्चायत रहनेछन्।

ग्राम पञ्चायतले जिल्ला पञ्चायतको चुनाव गर्नेछ। जिल्ला पञ्चायत माथि यथासमयमा अञ्चल पञ्चायतको गठन गरिने छ। जिल्ला पञ्चायत समितिले अञ्चल पञ्चायत समितिका सदस्यहरूको चुनाव गर्नेछ। प्रत्येक २ वर्षमा हरेक पञ्चायत समितिको एक तिहाइ भागको चुनाव हुनेछ। माथिल्लो तहको पञ्चायत समितिमा चुनिएको ब्यक्तिले तल्लो तहको पञ्चायत समितिबाट स्वतः राजीनामा गर्नु पर्नेछ र यस्तो रिक्त स्थानको लागि पुनः चुनाव हुनेछ। ग्राम र जिल्ला पञ्चायतलाई प्रशासन एवं विकासको यथासम्भव बढी अधिकार दिइने छ तर अञ्चल पञ्चायत, राष्ट्रिय पञ्चायतमा जाने माध्यमको रूपमा मात्र हाल उपयोग भएकोले यस ठाउंमा सदस्यहरूको ध्यान देशको आर्थिक, राजनैतिक र सामाजिक समस्या तर्फ बढी जाओस् भन्ने ध्येय राखिएको छ। अञ्चल पञ्चायत समितिमा देशका विभिन्न समस्यामा बेला बेलामा छलफल भइरहने छ र यसबाट राष्ट्रिय

पञ्चायतमा परिपक्व विचार विमर्शको निमित्त बाटो बनेको छ ।

हरएक ग्राम पञ्चायतले त्यस क्षेत्रको आवश्यकताको र राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास हासिल गर्ने उपाय र साधनहरूको अध्ययन गर्नेछ । चुनिएका व्यक्तिहरू र चुन्ने जनताको सहयोगबाट हुने यो सम्मिलित कार्य हो । केन्द्रीय र स्थानीय सरकारको आफ्-आफ्नो क्षेत्रका प्रयत्नको साथसाथै यो स्थानीय प्रयत्न गरिने छ । स्थानीय पञ्चायतमा प्रत्येक सदस्यलाई आफ्नो उचित राय र विचार प्रकट गर्ने अधिकार छ र पञ्चायतको माथिल्लो तहसम्म ती रायहरू पेश गर्न सदस्यले सक्दछ । राष्ट्रिय पञ्चायतको गठन र यसको विभिन्न सभा, अधिवेशनहरूद्वारा राष्ट्रिय पञ्चायतका विभिन्न तहमा विचारको आदान प्रदान हुन आउंछ । प्रत्येक ग्राम पञ्चायतले महीनाको कम से कम दुइ पल्ट ग्राम समितिको बैठक गर्छ र उपसमितिहरू नियमित रूपले समय समयमा बसेका छन्, छैनन् त्यसको रेखदेख पनि गर्दछ । माथिल्लो तहका पञ्चायतको पनि सोही काम हुन्छ र हरएक तहको अरू तहसंग विचारको आदान प्रदान हुन्छ । यसरी जनताको कल्याणको निमित्त एकता, सहयोग र परिचय प्राप्त हुन्छ ।

प्रत्येक तहमा पञ्चायतले त्यही तहको सरकारी विभागसंग घनिष्ट सम्पर्क राख्तछ र यो सम्पर्कद्वारा धेरै स्थानीय समस्याहरू तुरुन्तै समाधान हुन्छन् । अरू समस्याहरू माथिल्लो तहमा समाधानको निमित्तपेश

गरिन्छन् । विभिन्न तहका पञ्चायतहरूको अधिवेशनमा स्वीकृत भएका प्रस्ताव र कार्यक्रमलाई ध्यानमा राखी राष्ट्रिय पञ्चायत सम्मेलनबाट विश्व-शान्ति, निरस्त्रीकरण, शान्तिपूर्ण सहअस्तित्व, असंलग्न स्वतन्त्र नीति आदि अन्तर्राष्ट्रिय समस्याहरू र अनेक राष्ट्रिय समस्याहरूमा प्रस्ताव स्वीकृत हुन्छन् । राष्ट्रिय एकता सामाजिक एकताद्वारा प्राप्त गर्न सकिन्छ । यसकारण, यी सबै पञ्चायतहरूले यस विषयमा पनि विशेष ध्यान दिनेछन् ।

विभिन्न अञ्चल पञ्चायतका अधिवेशनहरू समाप्त भएपछि पूर्व निश्चित कार्यक्रम अनुसार श्री ५ महाराजाधिराजको अध्यक्षतामा राष्ट्रिय पञ्चायतको वार्षिक अधिवेशन बस्ने छ ।

श्री ५ महाराजाधिराजको अध्यक्षतामा हुने यस राष्ट्रिय पञ्चायतमा प्रत्येक अञ्चल पञ्चायतका, केन्द्रीय स्तरका वर्गीय संगठनहरूका र केन्द्रीय स्तरका पेशेवार संगठनहरूका प्रतिनिधिहरू र श्री ५ को सरकारद्वारा केही मनोनीत ब्यक्तिहरू समेत रहने छन् । यसरी राष्ट्रिय पञ्चायत पञ्चायत तहबाट माथि आएका र विभिन्न संगठनहरूको केन्द्रीय स्तरमा पुगेका योग्य ब्यक्तिहरूको सम्मेलनको रूपमा हुनेछ । यो राष्ट्रीय पञ्चायतले राष्ट्रका विभिन्न समस्यामा श्री ५ को सरकारलाई सुझाव पेश गर्नेछ ।

8437

श्री ५ को सरकार गृहमंत्रालय, प्रचार तथा प्रसार बिभाग ।

२०१८ श्रावण १ गते

32
R

मुद्रक गो. प. छापाखाना, काठमाडौं ।